काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५६ | बिहीवार, ५ चैत, २०८२ | Thursday, 19 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

हुलाक सेवाप्रति जनविश्वास बढ्दै :

नयाँ प्रविधिसँगै हुलाक सेवामा सुधार

'स्मार्ट हुलाक' अवधारणाअनुसार न्यूनतम मापदण्ड तयार भइसकेको छ, उक्त मापदण्ड कार्यान्वयनको घोषणा गोरखा जिल्लाबाट सुरु गरिएको हो।



काँक्रेविहार संवाददाता

सुर्खेत, ४ चैत

कुनै समय सञ्चारको मुख्य आधारका रूपमा रहेको हुलाक सेवा पछिल्लो समय प्रविधिको तीव्र विकाससँगै ओझेलमा परेको थियो।

तर अहिले भने हुलाक विभागले नयाँ प्रविधि अपनाउँदै सेवाग्राहीको आवश्यकता अनुसार सेवा विस्तार गरेपछि हुलाकप्रति नागरिकको विश्वास पुनः बढ्न थालेको छ। हुलाक निर्देशनालय वीरेन्द्रनगर सुर्खेतका अनुसार परम्परागत सेवा मात्र होइन, आधुनिक र द्रुत सेवाको विकासले हुलाकलाई पुनः विश्वसनीय र उपयोगी बनाएको छ।

सेवाग्राहीमैत्री सुधारका कारण ग्रामीण तथा शहरी दुवै क्षेत्रमा हुलाक सेवाको प्रयोग बढ्दो क्रममा रहेको हुलाक विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीले बताइन्। वीरेन्द्रनगरमा सम्पन्न हुलाक सेवाको व्यवसाय प्रवर्द्धनसम्बन्धी कार्यक्रम २०८२ को सम्बोधनका क्रममा उनले यस्तो बताएकी हुन्।

हुलाक निर्देशनालय वीरेन्द्रनगरद्वारा आयोजित तथा हुलाक सेवा विभागको समन्वयमा सम्पन्न कार्यक्रममा हुलाक क्षेत्रको वर्तमान अवस्था, चुनौती र सम्भावनाबारे विस्तृत छलफल गरिएको थियो। सो अवसरमा महानिर्देशक पंगेनीले प्रविधिमैत्री सेवा विस्तारमार्फत हुलाकलाई प्रतिस्पर्धी बनाउन आवश्यकता रहेको बताइन्।

"स्मार्ट हुलाक' अवधारणाअनुसार न्यूनतम मापदण्ड तयार भइसकेको छ, उक्त मापदण्ड कार्यान्वयनको घोषणा गोरखा जिल्ला बाटसुरु गरिएको हो' उनले भनिन्, 'यसले हुलाक सेवामा डिजिटल ट्र्याकिङ, छिटो डेलिभरी र सेवाग्राहीमैत्री प्रणाली विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ।'

उनका अनुसार हुलाक विभागले विभिन्न प्रकारका सेवा प्रदान गर्दै आएको छ, जसले सर्वसाधारणदेखि व्यवसायिक क्षेत्रसम्मलाई सहजता प्रदान गरेको छ। कार्यक्रमका सहभागीहरूले हुलाक सेवाको परम्परागत भूमिकालाई कायम राख्दै आधुनिक प्रविधिसँग समायोजन गर्नु आजको आवश्यकता भएको निष्कर्ष निकालेका छन्। स्मार्ट हुलाक अवधारणा, डिजिटल ट्र्याकिङ, द्रुत सेवा विस्तार र व्यवसायिक सोचको विकासमार्फत हुलाकलाई पुनः सशक्त र आत्मनिर्भर बनाउनेतर्फ सबै पक्षले सहकार्य गर्ने प्रतिबद्धता समेत जनाएका थिए।

हाल हुलाकका सेवाअन्तर्गत साधारण पत्र, बुकपोस्ट, समाचारपत्र, हवाइपत्र तथा साना पाकेटहरू पठाउन सकिन्छ। २० ग्रामसम्मको पत्रका लागि न्यून शुल्क राखिएको छ भने थप तौलअनुसार शुल्क वृद्धि हुन्छ। यस्तै, महत्त्वपूर्ण कागजात सुरक्षित रूपमा पठाउन रजिष्ट्रि सेवा प्रभावकारी मानिएको छ। यस सेवामार्फत पठाइएका पत्रहरूको अभिलेख राखिने तथा ट्र्याकिङ प्रणालीमार्फत अवस्थाबारे जानकारी लिन

बाँकी पृष्ठ ४

व्यवसाय प्रवर्द्धनमा जोड

कर्णाली प्रदेशका सरोकारवाला निकायहरूले हुलाक सेवाको व्यवसायिक प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै यसको आधुनिकीकरण र विस्तारमा जोड दिएका छन्। हुलाक सेवाको व्यवसाय प्रवर्द्धनसम्बन्धी कार्यक्रम २०८२ मा सहभागी वक्ताहरूले प्रविधिमैत्री सेवा विस्तारमार्फत हुलाकलाई प्रतिस्पर्धी बनाउने आवश्यकता औंल्याएका हुन्।

हुलाक निर्देशनालय वीरेन्द्रनगरद्वारा आयोजित कार्यक्रममा हुलाक निर्देशक पाण्डेले नेपालमा हुलाक सेवाको व्यवसायिक सम्भावना अझै उच्च रहेको उल्लेख गर्दै सेवा विविधीकरण र डिजिटल प्रणालीको प्रयोग बढाउनुपर्ने बताए। उनका अनुसार ग्रामीण क्षेत्रमा हुलाक अझै पनि भरपर्दो सञ्चार माध्यमका रूपमा रहेको छ।

त्यसैगरी सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायले हुलाक सेवाको व्यवसायिक प्रवर्द्धनका लागि सरकारी तथा निजी सबै क्षेत्रको सहकार्य आवश्यक रहेको बताए। उनले स्थानीय तहदेखि केन्द्रसम्म समन्वय गरेर सेवा प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा विज्ञापन बोर्ड नेपालका अध्यक्ष लक्ष्मण होमागाईंले लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने धारणा राख्दै स्थानीय मिडियालाई सशक्त बनाउन यस्ता विज्ञापनको न्यायोचित वितरण आवश्यक रहेको बताए।

संघीय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव लक्ष्मी कुमारी बस्नेतले हुलाक सेवाको प्रभावकारिता बढाउन सरकारले लगानी वृद्धि गर्ने तयारी गरिरहेको जानकारी दिइन्। उनले डिजिटल पूर्वाधार विस्तार, जनशक्ति विकास र सेवा विस्तारमा विशेष ध्यान दिइने उल्लेख गरिन्।

त्यस्तै कर्णाली प्रदेशका प्रमुख सचिव वीरेन्द्र कुमार यादवले हुलाक सेवालाई प्रविधिसँग जोड्दै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउनुपर्ने बताए। उनले कर्णाली प्रदेशमा विज्ञापन वितरणसम्बन्धी स्पष्ट नीति निर्माण गरिने जानकारी पनि दिए।

सेवाप्रति बढ्दो विश्वास

सामान्यदेखि अत्यावश्यक सामग्रीसम्म सुरक्षित रूपमा गन्तव्यमा पुऱ्याउने हुलाकीहरूको समर्पणले हुलाक सेवाप्रति नागरिकको भरोसा अझै बलियो बनाइरहेको छ।

नयाँ प्रविधिको प्रयोगसँगै परम्परागत सेवाको संयोजनले हुलाकलाई आजको समयमा पनि अपरिहार्य सेवा बनाइरहेको छ।

आधुनिक प्रविधिको विकाससँगै विभिन्न कुरियर सेवाहरू विस्तार भइरहेका बेला परम्परागत हुलाक सेवा भने अझै पनि सुरक्षित र भरपर्दो माध्यमका रूपमा स्थापित रहँदै आएको छ। विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रमा हुलाकीहरूले जोखिम मोलेर पनि सामान र चिठीपत्र सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउँदै आएका छन्।

हुलाक निर्देशनालय वीरेन्द्रनगरका अनुसार हुलाक सेवामा पछिल्लो समय ट्र्याकिङ प्रणाली, द्रुत सेवा तथा हवाई माध्यमको प्रयोग बढेसँगै सेवा अझ सुरक्षित र प्रभावकारी बन्दै गएको छ। यसले सेवाग्राहीको विश्वाससमेत बढाएको बताइएको छ।

हुलाकीहरू भौगोलिक कठिनाइ, मौसमको प्रतिकूलता र यातायातको अभावका बाबजुद पनि नागरिकका अत्यावश्यक कागजात, चिठीपत्र तथा पार्सल समयमै पुऱ्याउन खटिएका हुन्छन्।

विशेषगरी कर्णाली जस्ता दुर्गम क्षेत्रमा हुलाकीको भूमिका अझ महत्वपूर्ण मानिन्छ।

हुलाक सेवाबाट पठाइने रजिष्ट्रि चिठी तथा पार्सलहरू अभिलेख राखेर सुरक्षित रूपमा ढुवानी गरिने भएकाले सरकारी कागजात, शैक्षिक प्रमाणपत्र, बैंकसम्बन्धी कागजपत्र लगायत महत्वपूर्ण सामग्री पठाउन यो सेवा अझ विश्वसनीय मानिएको हो।

'गैरजिम्मेवार बने 'राइट टु रिकल' प्रयोग हुन्छ'



काँक्रेविहार संवाददाता

काठमाडौं, ४ चैत

स्वास्थ्यलाभ गर्ने क्रममा रहेका रास्वपा सभापति रवि लामिछानेले बुधवार पार्टीको अभिमुखीकरण समापन कार्यक्रममा पुगेर चोटिलो मन्तव्य दिए। उनले सांसदहरूलाई आफ्नो धरातल नबिर्सिन र जिम्मेवार जनप्रतिनिधि बन्न निर्देश गरेका छन्।

पार्टीको विधानमा 'राइट टु रिकल' को प्रावधान रहेको सम्झाउँदै संख्या घट्छ भन्ने चिन्ता नलिईकन गैरजिम्मेवार सांसदहरूलाई फिर्ता बोलाइने चेतावनी दिए।

'अब तपाईं हिजोको मान्छे होइन, अब जिम्मेवार सांसद हो, जिम्मेवार राजनीतिकर्मी हो, जिम्मेवार प्रतिनिधि सभाको सदस्य हो। होइन, जो कसैलाई अझै पनि 'म अभियन्ता नै हुँ' जस्तो लाग्छ, हिजोको जस्तै जिम्मेवार नभएर अभिव्यक्ति दिन्छु भन्ने लाग्छ भने यु आर मोर देन वेलकम टु लिभ दिस हल। तपाईंहरू सांसदको भूमिकाबाट बाहिर जान सक्नुहुन्छ, केही पनि फरक पर्दैन,' लामिछानेले भने।

उनले थपे, 'सरकार दुई-तिहाइको छ, संख्या घट्ला अथवा सरकार बहुमतमा रहन्छ, संख्या घट्ला, अल्पमतमा पर्ला भन्ने कुराको परवाह नगरीकन रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको राइट टु रिकलको व्यवस्थालाई यस पटक कडाइका साथ लागू गर्नेछ।'

आफूहरूसँग सहिद पत्नी पनि छन् भन्ने सोचेर काम गर्न उनले आग्रह गरे।

लामिछानेले भने, 'यहाँ सहिदकी आमा छिन्, ध्यान दिनुहोला। कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुभन्दा अगाडि, एक कप चिया खानु अगाडि सहिदकी आमालाई सम्झिनुहोला। आफ्नो छोरो चढाएर संसद छिरेकी छिन् सहिदकी आमा। यो सामान्य कुरा होइन।'

मन्त्री बन्नका लागि दौडधुप नगर्न उनले सांसदहरूलाई सुझाव दिए। मन्त्रिपरिषदमा को को पठाउने भनेर पार्टीले निर्णय गर्ने उनको भनाइ छ।

लामिछानेले भने, 'तपाईंहरूमध्ये कोही यहीं भएकै हलहरूमध्ये कोही न कोही मन्त्रालय सम्हाल्ने साथीहरू हुनुहुन्छ। तर कृपया 'मन्त्री बनाइदिनुस्' भनेर वा 'मिडिया ट्रायल' मा 'म फलानो मन्त्री' भनेर लाग्नुहोला, मलाई केही पनि थाहा छैन।

क्याबिनेटमा को-कोलाई पठाउँछ भन्ने कुरा पार्टीले गर्नेछ, तपाईंले भन्नुपर्दैन, हामीलाई थाहा छ। तपाईंहरूको विज्ञता थाहा छ। अलि बढी चर्चामा आएका र चर्चामा आउन नपाएका साथीहरू सबैलाई पार्टीले हेरेको छ।'

आफ्ना अभिव्यक्तिहरूमा कुनै पनि राजनीतिक दल र विपक्षीहरूप्रति कटाक्ष नगर्न उनले निर्देशन दिए।

'त्यो भयो भने अनर्थ हुन जानेछ। विजेता हुनुको अर्थ जिम्मेवार हुनु हो, छाडा हुनु होइन। विजेता हुनुको अर्थ विपक्षीहरूलाई कटाक्ष गर्ने अधिकार प्राप्त गर्नु होइन। रास्वपालाई प्रायः अराजक छन्, समर्थकहरू असहिष्णु छन् भन्ने छवि बनेको छ। अब त्यसबाट बाहिर निस्कनुपर्छ।' उनले भने।

'रास्वपालाई जनताले दिएको जनमतलाई सबै पार्टीले सम्मान गर्नुपर्छ'

काँक्रेविहार संवाददाता

सुर्खेत, ४ चैत

नेपाली कम्युनिस्ट पार्टीका नेता तथा कर्णालीका पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाहीले अहिले रास्वपालाई जनताले दिएको जनमतलाई अन्य पार्टीहरुले पनि सम्मान गर्नुपर्ने बताएका छन्।

यद्यपि उक्त जनमतलाई अवहेलना हुने गरि राष्ट्र र राष्ट्रियतामाथि खतरा हुने तरिकाले रास्वपा अघि बढे त्यो स्वीकार्य नहुने उनको भनाइ छ।

कालिकोटबाट नवनिर्वाचित सांसद समेत रहेका शाहीले बुधबार सुर्खेतमा पत्रकारहरुसँग



वर्तमान राजनीति परिदृश्यबारे छलफल गरेका छन्।

शाहीले उक्त छलफलमा भने, 'राष्ट्रियताको पक्षमा रास्वपाले राम्रोसँग काम गर्नुपर्छ। राष्ट्रघाती कुनै पनि प्रकारका सन्धि सम्झौताहरु गर्नू भएन।'देशलाई सिक्किमीकरण वा उत्तर कोरियाशैली बनाउन खोजेको खण्डमा कसैका लागि पनि स्वीकार्य नहुने शाहीले बताए।

साथै, शाहीले अहिलेको व्यवस्थालाई नै सकाउने गरी र व्यवस्थामाथि नै धावा बोल्ने काम भए पनि त्यो स्वीकार्य नहुने बताए। उनका भनाइमा विकासको तिव्रता, आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायको क्षेत्रमा जनताको अपेक्षा अनुसार रास्वपाले काम गर्नुपर्छ।

'त्यसका लागि हामी सबै रास्वपालाई सहयोग गर्नुपर्छ,' उनले थपे, 'यो व्यवस्थालाई फेल हुन नदिनका लागि पनि हामी सबैले रास्वपलाई नै सहयोग गर्छौं।' राष्ट्रियता र व्यवस्थालाई बचाउने सवालमा अन्य सबै दलको सहयोग रहने शाहीले बताए।

'उनीहरुलाई फेल गराउने कुरामा लागे देश फेल हुने अवस्था आउँछ, त्यो कुरा हामी सबैले बुझ्नुपर्छ,' शाहीले थपे।

समानुपातिक सांसदलाई आज प्रमाणपत्र दिइने

काँक्रेविहार संवाददाता

काठमाडौं, ४ चैत

निर्वाचन आयोगले आज प्रतिनिधिसभाको निर्वाचनमा निर्वाचित समानुपातिक सांसदलाई प्रमाणपत्र दिने भएको छ।

आज बिहान आयोगले १ सय १० जना समानुपातिक सांसदहरुलाई प्रमाणपत्र दिन लागेको हो। बिहान साढे ११ बजे समानुपातिक प्रणालीबाट निर्वाचित सांसदहरूलाई निर्वाचित भएको प्रमाण पत्र दिइने आयोगले जनाएको छ।

आायोगका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट ५७ जना, नेपाली काग्रेसबाट २० जना, नेकपा (एमाले)बाट १६ जना, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट ९ जना,



श्रम संस्कृति पार्टी (श्रसंपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट ४-४ जना निर्वाचित भएका छन्। ६ दलबाट ११० जना सांसदहरु निर्वाचित भएका छन्।

नवनिर्वाचित सांसदहरुको सपथ भने चैत १२ गते हुने भएको छ। संसद सचिवालयले चैत १२ गते नवनिर्वाचित सांसदहरुको शपथ गराउने तयारी गरेको छ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

पारदर्शितामा जोड देऊ

कर्णाली प्रदेशमा सुरू गरिएको ब्याज अनुदान कार्यक्रमले लामो समयदेखि पूँजी अभाव झेल्दै आएका लघु, साना तथा मझौला उद्यमीका लागि आशाको किरण बनेको छ । विशेषगरी कृषि तथा कृषिमा आधारित उद्योगमा संलग्न उद्यमीलाई लक्षित गरेर यो कार्यक्रमले उनीहरूको वित्तीय भार घटाउँदै उत्पादन र व्यवसाय विस्तारमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । प्रदेश सरकार र बैंकबीचको सहकार्यमा अघि बढाइएको यो पहलले यदि प्रभावकारी कार्यान्वयन पायो भने कर्णालीको आर्थिक गतिविधिमा सकारात्मक गतिशीलता ल्याउन सक्छ । यस्तो कार्यक्रमको मूल उद्देश्य केवल सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनु मात्र होइन, उद्यमशीलताको प्रवर्द्धन, रोजगारी सिर्जना र स्थानीय उत्पादनको प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नु पनि हो । कर्णालीजस्तो भौगोलिक रूपमा विकट र आर्थिक रूपमा पछाडि परेको क्षेत्रमा लगानी अभाव दीर्घकालीन समस्या रहँदै आएको सन्दर्भमा ब्याज अनुदानले उद्यमीलाई सहज पहुँच प्रदान गर्नु निश्चित रूपमा स्वागतयोग्य कदम हो । तर यस्ता कार्यक्रमहरू विगतमा विवाद र अनियमितताबाट अछुतो भने रहेनन् । यही कारणले यसपटक पारदर्शिता, उत्तरदायित्व र कडाइका साथ कार्यान्वयनमा जोड दिइनु अत्यन्त आवश्यक छ ।

ब्याज अनुदान कार्यक्रम कार्यान्वयन गर्न सरकारले मापदण्ड स्पष्ट बनाएको छ । बैंकमार्फत कर्जा प्रवाह गर्ने व्यवस्था गरेको र संयुक्त अनुगमन संयन्त्र तयार पारेको दाबी सकारात्मक संकेत हुन् । कर्जा स्वीकृति प्रक्रियामा सरकारी हस्तक्षेप नहुने र बैंकले नै जोखिम व्यवस्थापन गर्ने व्यवस्था पनि विश्वास निर्माणका आधार हुन् । यद्यपि कागजमा बनाइएका प्रावधानहरू व्यवहारमा कत्तिको कडाइका साथ लागू हुन्छन् भन्ने प्रश्नप नि उब्जिएको छ । यही नै कार्यक्रमको सफलता निर्धारण गर्ने मुख्य पक्ष हुनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश र ग्लोबल आइएमई बैंक लिमिटेडबीच कार्यक्रम कार्यान्वयन गर्न महत्वपूर्ण सम्झौता समेत भएको हो । यो कार्यक्रमले विशेषगरी कृषि र कृषि आधारित उद्योग सञ्चालन गरिरहेका किसान-उद्यमीको वित्तीय बोझ घटाउने र उत्पादन लागत कम गर्ने अपेक्षा राखिएको छ । जसले गर्दा स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाउनुका साथै प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउने र रोजगारी सिर्जना गर्ने अपेक्षा छ । मन्त्रालयले बैंकमार्फत कर्जा प्रवाह हुने भएकाले अनियमितताको सम्भावना न्यून रहने दाबी गरिरहेको छ । बैंकसँगको सहकार्यमा कार्यान्वयन हुने यस कार्यक्रमअन्तर्गत वास्तविक उद्यमीलाई मात्रै प्राथमिकता दिइने र कागजी प्रक्रियालाई कडाइका साथ पालना गरिने व्यवस्था प्रभावकारी रूपमा लागु गर्न जरूरी छ ।

अनुदानको ५० प्रतिशतसम्म ब्याज सरकारले व्यहोर्ने व्यवस्था आकर्षक देखिए पनि यसको दुरूपयोग रोक्न नियमित अनुगमन, समयमै प्रतिवेदन र गुनासो सुनुवाइ प्रणाली प्रभावकारी हुनैपर्छ । विशेष ध्यान दिनुपर्ने अर्को पक्ष भनेको वास्तविक उद्यमी पहिचान हो । कागजी उद्यमीभन्दा उत्पादन र सेवा क्षेत्रमा क्रियाशील व्यक्तिलाई प्राथमिकता नदिइए कार्यक्रमको उद्देश्य नै विफल हुन सक्छ । साथै, ग्रामीण क्षेत्रमा बैंकिङ पहुँच अझै कमजोर रहेकाले त्यस्ता उद्यमीलाई समेट्ने व्यावहारिक रणनीति पनि आवश्यक छ । सरकार र निजी क्षेत्रबीचको सहकार्यमा सञ्चालन हुने यस्ता कार्यक्रमहरूले दीर्घकालीन प्रभाव पार्न सक्छन् । तर त्यसका लागि नीतिगत स्पष्टता मात्र पर्याप्त हुँदैन, कार्यान्वयनमा इमानदारी र पारदर्शिता अनिवार्य हुन्छ । कर्णालीको समग्र आर्थिक विकास, स्थानीय रोजगारी सिर्जना र युवालाई स्वरोजगारतर्फ आकर्षित गर्ने लक्ष्य पूरा गर्न यो कार्यक्रम एउटा महत्वपूर्ण अवसर पनि हो । त्यसैले अब विगतका कमजोरी दोहोरिन नदिई कार्यक्रम पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ ।

'रास्वपा अब अराजक छविबाट बाहिर निस्कनुपर्छ'

यो पाँच वर्षलाई सामान्य अन्य चुनावहरूमा चुनिएको जस्तो सोच्नुभयो भने त्यसले अप्ठ्यारो परिस्थिति सिर्जना गर्छ । राजनीति यसैगरी चल्छ भनेर कहिँ कतै मानिसहरू त्यही ढंगले दौडधुप पनि मैले गरेको पनि देखिरहेको छु । राजनीति त्यसैगरी चल्नेवाला छैन । कुनै पनि चिज हिजो जस्तो चल्नेवाला छैन । काँचुली फेर्ने हो ।

काँचुली फेर्नका लागि भनेर नेपाली जनताले हामीलाई त्यो अभिमत दिएका हुन् । हामी कानुन बनाउन आएका हौं । कानुन बनाउने प्रमुख जिम्मेवारी तपाईंहरूको काँधमा नेपाली जनताले दिएका छन् । त्यो कानुन फेरेर उनका घरको बाटो बन्छ, उनको धारामा पानी आउँछ, बिजुली आउँछ, इन्टरनेट चल्छ । उनलाई थाहा नहोला तर तपाईंलाई थाहा हुनुपर्छ । कुन धाराले कहाँ अड्काएको छ मान्छेको घरमा धारा आउन, तपाईंलाई थाहा हुनुपर्छ । अध्ययन गर्नुपर्ने हुन्छ ।

त्यसकारण यसपटक यो शक्तिको दौडधुप यताउता यसलाई भनेर हुन्छ कि उनलाई भनेर हुन्छ कि यसो भेटेर गएर फोटो खिचेर हुन्छ कि यो पसल बन्द गर्नुहोला साथीहरू । म आज अलिकति तितो कुरा गरिरहेको छु तपाईंहरूलाई । कानुन निर्माताका रूपमा तपाईंहरूको जिम्मेवारी, हाम्रो जिम्मेवारी अत्यन्त गहन छ । कैयौं पछिल्लो परिवर्तन संविधान कार्यान्वयन हुनका लागि समेत कानुनहरू बन्न सकेका छैनन् । संविधान निर्माण भएको यति लामो समय हुँदा समेत ।

विभिन्न बाधा अड्चनहरू भए तर नेपाली जनताले अब हामीलाई कुनै बहाना बनाउन नपाउने गरी दिल खोलेर स्पष्ट र लगभग दुई तिहाइको बहुमत दिएका छन् । अब केको बाधा? अब केले अड्काउँछ हामीलाई? अब अड्काउने भनेको तपाईं हाम्रो नियतले मात्रै हो ।

र अर्को कुरा, धेरै लामो अनुभव त मेरो राजनीतिमा रहेन । जति समय राजनीतिमा रहें सधैंभरि विभिन्न किसिमका प्रहारहरूको सामना गर्नुपर्यो । यो पार्टी जन्मेदेखि यसमाथि प्रहार भयो । पार्टीको नाममा मुद्दा चल्यो । यो पार्टीलाई जन्मेदेखि कुल्चिने कोसिस भयो । बचाउँदै लिएर आउन सक्यौं । यो पार्टीको चुनाव चिह्नमा मुद्दा चल्यो । यो पार्टीको चुनाव चिह्न नै भत्काईदिने गरी प्रहारहरू भए । स्थापित राजनीतिक दलहरूबाट, विभिन्न स्वार्थ समूहबाट, विभिन्न शक्ति समूहबाट । जोगाएर ल्यायौं हामीले ।

हामीले घण्टी बजायौं । किनकि नेपाली जनताको लागि घण्टी बचाउनुपर्थ्यो, घण्टी बजाउनुपर्थ्यो । सजिलो थिएन । यो देशका सम्पूर्ण शक्तिहरू एक ठाउँमा उभिँदा पनि हामीले खुट्टा कमाएनौं । हामी डराएनौं । हामी हल्लिएनौं । किनकि हामीलाई नागरिकको चेतनामाथि विश्वास थियो ।

एकपटक चुनाव त आओस् न अनि हामी देखाइदिन्छौं भनेर हामीले चौरासी कुरेका थियौं । नागरिकले सबै हेरेका हुन्छन् । हरेक गतिविधि जनताले हेरेका हुन्छन् । जनताको चेतनालाई कसै-कसैले चुनौती दिन्छन् । जनता नै खराब भए कि भनेर चुनौती दिन्छन् । होइन । यदि त्यस्तो हुन्थ्यो भने अघिल्लो चुनावमा हामीलाई २०-२१ सिट होइन, एकैपटक दुई तिहाइ दिन सक्थे जनताले ।

तर अघिल्लो चुनावमा जनताले के भने भने यी नयाँहरूलाई एकपटक हेरौं, ताकि यिनीहरू नमातिउन् । त्यति मात्र सिट दिऊँ र पुरानाहरूलाई सच्चिने अवसर दिने गरी यिनीहरूलाई पनि नमिट्याउन नपारौं भनेर नागरिकले विवेकपूर्ण ढंगले मतदान गरे । तर नागरिकको त्यो विवेकलाई दुई तिहाइ पाएको सरकारले चुनौती दियो ।



शक्ति प्राप्त गरिसकेपछि आँखामा जुन पट्टी आउँछ, अब त्यो पट्टी हामीले खोल्न सक्नुपर्छ । नत्र पुराना राजनीतिक दललाई नेपाली जनताले ३५-३६ वर्षसम्म कुरे, तपाईं हामीलाई ३६ महिना ३६ दिन पनि कुर्नेवाला छैनन् । यो कुरा निर्धक्क हुनुहोला । किनकि जनता अब्बल चेतनामा आएको छ । अब कानुन निर्माताका रूपमा तपाईंहरूको दौड स्वार्थ समूहहरूको घर-घरमा होइन । गुट बनाएर कांग्रेस-एमालेलाई जितिँदैन साथी हो । कुनै गुट बनाउनुपर्दैन । घण्टीका मुनि सबै हटाउन सक्छन् । घण्टीसँग त्यति धेरै तागत छ । कहीं गुट बनाउनुपर्दैन ।

र आफ्नो पोजिसन के हुन्छ? म कहाँ हुन्छु? मलाई के हुन्छ? पार्टीमा मेरो हैसियत के हुन्छ? संसदमा मेरो हैसियत के हुन्छ? सरकारमा मेरो हैसियत के हुन्छ? यो म-केन्द्रित राजनीतिबाट बाहिर उठ्न सकिएन र देशकेन्द्रित राजनीति गर्न सकिएन भने हाम्रो हविगत पुराना राजनीतिक दलका नेताहरू भन्दा पनि बत्तर हविगत हुन्छ । यो कुरा म तपाईंहरूलाई डे वानमा बताउन गइरहेको छु । त्यसकारणले आफूलाई सेन्टरमा राख्ने होइन । राजनीति आजसम्म त्यस्तै भयो । सहमति त गर्ने, राष्ट्रिय सहमति गर्या जस्तो भन्दै राजनीतिक सहमति गरेको छ भन्दै विभिन्न सहमतिहरूमा नेताहरूले आफ-आफ्नो ठाउँ सुरक्षित राखे । पार्टीहरूले आफ-आफ्नो ठाउँ सुरक्षित राखे । तर देशलाई सुरक्षित राख्ने हो कि होइन? देशलाई केन्द्रमा राखियो कि राखिएन? त्यो महत्वपूर्ण कुरा हो । यतिखेर देश केन्द्रमा छ । देशले देखेको सपना हामीले पूरा गर्ने हो । तपाईंको र मेरो मन्त्री-प्रधानमन्त्री बन्ने सपनाको भारी यो देशले, यो समाजले बोक्दैन । मेरो सपनाको भारी बोक्नका लागि यो समाज बाध्य छैन । तर यो समाजको सपनाको भारी तपाईं हामीले बोक्ने हो । त्यसका लागि तपाईं हामीलाई मत दिएर पठाएका हुन् ।

सामान्य कुरा होइन । यहाँ शहीदकी आमा छिन्, ध्यान दिनुहोला । कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुभन्दा, एक कप चिया खानुभन्दा अगाडि, उसको एक घुट्को पानी खानुभन्दा अगाडि शहीदकी आमालाई सम्झिनुहोला । आफ्नो छोरो चढाएर संसद छिरेकी छिन् शहीदकी आमा । यो सामान्य कुरा होइन ।

यो देशमा बिचौलियागिरी बिगबिगी छ । मैले छोटो समयको राजनीतिमा जुन देखें, त्यो अनुभव तपाईंलाई सुनाउँदैछु । तपाईंहरूलाई विचलित बनाउन, तपाईंलाई प्रभावित बनाउनका लागि मानिसहरू दौडिन्छन् । यो देशको परिस्थिति यस्तो छ कि सरकार बनेको बेलुकाबाटै एउटा समूह सरकार ढाल्न सक्रिय रहन्छ ।

बनेको दिनदेखि नै हामीले अभूतपूर्व जनमत प्राप्त गरेका छौं । त्यो जनमत पाएसँगै यिनीहरूबीच फाटो ल्याउन सकिन्छ कि भनेर ठाउँ-ठाउँबाट प्रयास भएको तपाईंहरूले देख्नुभएको होला । समाचारभित्रका नियतहरू पनि कहिलेकाहीं बुझ्न सकिन्छ । त्यस्ता ठाउँबाट हामी जोगिनुपर्छ । हामीलाई फुटाउने, गिराउने, गलत गराउनेहरूको बिकबिगी छ ।

हामीविरुद्ध पनि धेरै मत आएको छ–लाखौं भोट जसले हामीलाई दिएका छैनन् । प्रतिपक्षी र विरोधीहरूको कमी हुँदैन । फरक यति हो– हामी कति बलियो छौं । आफू बलियो हुनुपर्छ । अरूलाई दोष दिएर 'अर्काले फुटायो, विदेशीको चाल' भन्ने कुरा अब मेटाउनुपर्छ । समस्या तब मात्रै आउँछ, जब हामी आफैं मिल्न सक्दैनौं र स्वार्थको बन्दी बन्छौं ।

विभिन्न राजनीतिक पृष्ठभूमिबाट आउनुभएका साथीहरूलाई स्वागत छ । कुनै हिचकिचाहट वा लघुताभास राख्नुपर्दैन । पुरानो पार्टीसँग जोडिएको भनेर असहज हुनुपर्दैन । हामीले हृदय खोलेर स्वागत गरेका छौं । तर पुरानो प्रवृत्तिबाट मुक्त भएर आउनुपर्छ ।

देश यस्तो अवस्थामा नपुगोस् भनेर युवाहरूले रगत बगाएका हुन् । हामीमाथि ऐतिहासिक जिम्मेवारी छ । यो सामान्य चुनाव होइन, शहीदको बलिदानबाट आएको अवसर हो । त्यसैले यहाँ हल्काफुल्का अभिव्यक्ति दिने छुट कसैलाई छैन– मलाई पनि छैन । हामीले गर्ने हरेक गतिविधि नागरिकले हेरिरहेका छन् । जनताले दिएको मतको सम्मान हुनुपर्छ । कुनै पनि अभिव्यक्ति वा क्रियाकलापले मतदाताको शिर झुक्ने अवस्था आउनु हुँदैन । सञ्चारमाध्यममा आउनु रमाइलो लाग्न सक्छ, प्रशंसा पाउँदा राम्रो लाग्छ । सञ्चारकर्मी पनि यही समाजका साथी हुन् । तर अभिव्यक्तिको प्रभाव के पर्छ भन्ने सोच्नुपर्छ । हल्का अभिव्यक्तिले देशलाई दीर्घकालीन असर पार्न सक्छ । अब तपाईं हिजोको जस्तो व्यक्ति होइन–जिम्मेवार सांसद, जिम्मेवार राजनीतिकर्मी, जिम्मेवार प्रतिनिधि हुनुहुन्छ । भूमिका बदलिएको छ । यदि कसैलाई अझै पुरानै शैलीमा बोल्ने वा व्यवहार गर्ने मन छ भने, त्यो भूमिका छाड्न सकिन्छ । तर यदि जिम्मेवारी स्वीकार्ने हो भने, त्यसअनुसार आचरण बदल्नुपर्छ ।

अब हामीले कानुन बनाउने, संशोधन गर्ने, जनताको जीवनमा परिवर्तन ल्याउने काम गर्नुपर्छ । मत दिएका जनताको घर-घरमा खुसी ल्याउनुपर्छ । उनीहरूले सेवा पाउँदा सोर्स-फोर्स चाहिने अवस्था अन्त्य हुनुपर्छ ।

सम्भव भएसम्म सरकारी अस्पतालमै उपचार गराउनुहोस् । त्यसले सार्वजनिक सेवा सुधार्न मद्दत गर्छ । जनताले भोग्ने समस्या आफैंले अनुभव गर्नुपर्छ ।

रास्वपा स्थापना भएको धेरै समय भएको छैन, तर विभिन्न पृष्ठभूमिका मानिसहरू जोडिएका छन् । पार्टीभित्रै देशको विविध अनुहार देखिन्छ । कसैको छवि राम्रो होला, कसैको सामान्य होला– तर सबैलाई एउटै मापदण्ड लागू हुन्छ ।

दुई तिहाइ बहुमत होस् वा नहोस्, पार्टीले 'राइट टु रिकोल' को व्यवस्था कडाइका साथ लागू गर्नेछ । स्वतन्त्रता र अनुशासनबीचको सन्तुलन कायम गर्नुपर्छ । स्वतन्त्रता प्रयोग गर्न पाइन्छ, तर अनुशासनभित्र रहेर ।

पार्टीले अनुशासनमा कुनै सम्झौता गर्दैन । परिवार ठूलो भएको छ, अनुशासन नभए अराजकता बढ्छ । समाज पहिले नै अराजकताबाट प्रभावित छ, त्यसैले हामी अझ बढी अनुशासित हुनुपर्छ । आज मैले केही फरक कुरा गरेको छु, त्यो जिम्मेवारीकै कारण हो । अलि-अलि कडाइका कुरा गरौं, अलि-अलि कराइका कुरा गरौं । 'राइट टु रिकोल' को कुरा गरौं, खबरदारी गरेजस्तो लाग्यो होला–लाग्नुपर्छ । किनकि जुन आशा र अपेक्षासहित नेपाली जनताले भोट दिएका छन्, त्यो जिम्मेवारीको महसुस तपाईंलाई हरेक दिन हुनुपर्छ । यो देश अहिले पनि बनेन भने कहिले बन्छ? भोट माग्दा आमाबाबुले रुँदै "देश बचाऊ" भनेका थिए–यो सामान्य होइन, गहिरो जिम्मेवारी हो । निलो झण्डा र घण्टी बोकेका हाम्रो काँधमा बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मले देश सुम्पिएका छन् । जति ठूलो शक्ति, त्यति ठूलो जिम्मेवारी । रास्वपा भित्र देशकै विविध अनुहार छ–व्यवसायी, विद्यार्थी, युवा, महिला, सीमान्तकृत समुदाय, सामाजिक अभियन्ता, कलाकार, पूर्व प्रशासक सबै । यस्तो ठूलो परिवारलाई एउटै धारमा राख्न अनुशासन अनिवार्य छ । मिडियामा उपस्थित हुनुमा आपत्ति छैन, तर बोल्नुअघि पार्टीसँग सरसल्लाह गर्नुहोस् । सानो अभिव्यक्तिले मतदाताको मन दुख्न नदिनुहोस्, देशका संवेदनशील विषय अर्थतन्त्र, कूटनीतिमा हल्का टिप्पणीले दीर्घ असर पार्न सक्छ ।

अब संसदबाहेक समय जनतामाझ बिताउनुहोस् । आफ्नो क्षेत्रमा समस्या आयो भने त्यसको जिम्मेवारी तपाईंकै हुन्छ । जनताले तपाईंलाई आफ्नो सुखका लागि पठाएका हुन्– तपाईंलाई सुख दिन होइन ।

ठूला सेमिनार होइन, गाउँ-टोल, चिया-चौतारोमा सांसद देखिनुपर्छ । सांसद बनेपछि स्वतः ज्ञान आउँदैन । अध्ययन, अनुसन्धान र मेहनत अझै बढी गर्नुपर्छ । शक्तिसँगै व्यवहार बिग्रिने प्रवृत्तिबाट जोगिनुहोस्, नागरिकसँग नजिक रहनुहोस् ।

हामीले नागरिकसँग परिवर्तनको करार गरेका छौं–काँचुली फेर्ने वाचा गरेका छौं । त्यो करार अक्षरशः पूरा गर्नुपर्छ । मन्त्री बन्ने दौड, मिडिया ट्रायल बन्द गर्नुहोस् । पार्टीले क्षमता अनुसार निर्णय गर्छ । देखिएका र नदेखिएका सबै सक्षम साथीहरूलाई पार्टीले बाँकी पृष्ठ ३

भ्रष्टाचारको छानबिनमा पनि काल विभाजन ?



✍ गुणराज लोहनी

"अहिलेसम्मका भ्रष्टाचारका घटनालाई हेर्दा शक्तिमा रहेका र शक्तिको दुरुपयोग गर्ने कोही पनि भ्रष्टाचारबाट मुक्त छैनन् । बहुदल स्थापनापछिका सरकारमा पुगेका कुनै पनि दल, सुरक्षा निकाय, कर्मचारीतन्त्र भ्रष्टाचारबाट मुक्त रहेनन् ।

नेपालमा भ्रष्टाचारको मुद्दा उठाएर राजनीतिमा स्थापित हुने र यस मुद्दालाई चुनावी नारा बनाउने परम्पराजस्तै बनेको छ । पञ्चायतकालमा कांग्रेस र कम्युनिस्टहरू पार्टीविरुद्धको प्रतिबन्ध, वाक्-स्वतन्त्रतामा अंकुशलगायतको विरोध गर्दै आन्दोलन गर्थे । त्यसका साथै पञ्चायती व्यवस्थामा भएका ठूला भ्रष्टाचारका काण्डहरू पनि मुद्दा बन्थे । उनीहरू संसदीय व्यवस्था पुनःस्थापनापछि भ्रष्टाचार हुँदैन र भ्रष्टाचार भएको रकम फिर्ता गराएर विकास निर्माणमा लगाइने पनि भन्थे ।

त्यसबेला भ्रष्टाचार भएको मानिएका घटनाहरूमा पूर्व-पश्चिम राजमार्गको ठेक्का, नेपाल खाद्यान्न संस्थान घोटाला, सरकारी ठेक्का र विकास परियोजना घोटाला, काठ तस्करी, आयात लाइसेन्स र व्यापारिक एकाधिकार, विदेशी सहायता दुरुपयोग, सरकारी जग्गा वितरणलगायत थिए । तर, निर्दलीय तानाशाही राज्य प्रणाली भएको र सूचना सञ्चारमा राज्यको पूर्ण नियन्त्रण भएकाले आम जनतालाई यस्ता भ्रष्टाचारबारे जानकारी हुँदैनथ्यो ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएपछि दलका नेताहरूको राजनीतिक पहुँच र शक्ति विस्तार भयो । जसका कारण पहिले दरबार र आसेपासेको सर्कलमा सीमित भ्रष्टाचारमा नेताहरू संलग्न भए । विगत ३५ वर्षदेखि नेताहरूले भ्रष्टाचार गरेको, हरेक निकायमा दलीयकरण मौलाएको भन्दै सुशासनको मागसहित गत भदौमा जेन-जी आन्दोलन भयो । आन्दोलनको बलमा सरकार अपदस्थ र संसद् विघटन भएपछि अन्तरिम सरकारमार्फत प्रतिनिधिसभा निर्वाचन सम्पन्न भयो । चुनावबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झन्डै दुई तिहाइ बहुमत ल्याएर एकल सरकार बनाउने भएको छ ।

बालेन्द्र शाह (बालेन)को प्रसिद्धि र भ्रष्टाचारीलाई कारबाहीको मुद्दा उठाएर चुनावमा बहुमत ल्याएकाले रास्वपाको सरकारको पहिलो परीक्षा भ्रष्टाचारविरुद्धको कामबाट हुनेछ ।

रास्वपाले चुनावी घोषणापत्रका रूपमा ल्याएको वाचापत्रमा '२०४६ सालदेखि महत्त्वपूर्ण सार्वजनिक पदमा आसीन व्यक्तिहरूको सम्पत्ति पारदर्शी रूपमा छानबिन गर्नेछौं । अवैध रूपमा आर्जित प्रमाणित सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्न स्पष्ट कार्यविधि तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्छौं' भनिएको छ । बालेन्द्र शाह (बालेन)को प्रसिद्धि र भ्रष्टाचारीलाई कारबाहीको मुद्दा उठाएर चुनावमा बहुमत ल्याएकाले रास्वपाको सरकारको पहिलो परीक्षा भ्रष्टाचारविरुद्धको कामबाट हुनेछ ।

पञ्चायतकालका भ्रष्टाचार

भ्रष्टाचार नियन्त्रणको कुरा हुँदा परम्परागत दलका युवा नेताहरू तथा नयाँ दलका नेताहरूले २०४६ सालपछिका अनियमितता र ठूला काण्डहरूबारे छानबिन गर्ने बताउने गरेका छन् । रास्वपाले त चुनावी वाचापत्रमै उक्त विषय उल्लेख गऱ्यो ।

पञ्चायतकालमा भ्रष्टाचार नभएका होइनन् । दरबारको आडमा, पञ्चायतका माथिल्लो ओहदामा भएकाहरूले आर्थिक, राजनीतिक र नीतिगत भ्रष्टाचार गर्थे । त्यस समयमा भ्रष्टाचारीका रूपमा डामिएकाहरू केही व्यक्ति र संस्था अहिले पनि छन् । तिनीहरूबारे छानबिन गर्न सूर्यबहादुर शाक्यको नेतृत्वमा चारसदस्यीय आयोग बनेको थियो । तर, २०४८ सालको चुनावपछि बनेको सरकारले दोषीलाई कारबाही गरेन । उनीहरू कोही नेपाली कांग्रेसमा प्रवेश गरे, कोही नेकपा (एमाले)मा पुगे ।

२०४८ सालको चुनावपछि कांग्रेसले स्पष्ट बहुमत ल्यायो । उक्त पार्टीबाट गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बनेका थिए । उनको पालामा नेपाल वायुसेवा निगममा धेरै भ्रष्टाचार काण्ड भए । उनी प्रधानमन्त्री भएको केही समयपछि नै निगमको टिकट बिक्री गर्न युरोपका एजेन्ट नियुक्तिसँग जोडिएको 'धमिजा काण्ड' भएको थियो । कोइरालाले नै तेस्रो पटक प्रधानमन्त्री हुँदा विमान भाडा प्रकरणसँग जोडिएको 'लाउडा काण्ड' भयो । यी विषयले उनको छवि भ्रष्ट बने पनि छानबिन गरेर मुद्दा किनारा नै लगाइएन ।

एमालेको पहिलो अल्पमतको सरकार बन्दा 'आफ्नो गाउँ आफैं बनाऔं' नाराअन्तर्गत स्थानीय गाविसलाई रकम दिँदा त्यसमा पनि आर्थिक हिनामिना भएको आशंका गरिएको थियो । तर, त्यसबारे कुनै खोजी र छानबिन भए ।

एमालेको पहिलो अल्पमतको सरकार बन्दा 'आफ्नो गाउँ आफैं बनाऔं' नाराअन्तर्गत स्थानीय गाविसलाई रकम दिँदा त्यसमा पनि आर्थिक हिनामिना भएको आशंका गरिएको थियो । तर, त्यसको कुनै खोजी र छानबिन भएन ।

त्यसपछि नेपालमा सांसद खरिद-बिक्री सुरु भयो । सिंगापुर र शंकर होटलमा सांसदको मोलमालाइ हुन्थ्यो । यो राजनीतिक/आर्थिक भ्रष्टाचार थियो । शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा चर्चित 'पजेरो काण्ड' भयो । एमालेबाट अलग्गिएर वामदेव गौतमले नेकपा (माले) बनाएपछि एमालेका नेताहरूले उनलाई सुन तस्करको आरोप लगाएका थिए ।

२०५९ सालसम्म कांग्रेसका मुख्य नेताहरू गोविन्दराज जोशी, चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, जयप्रकाश आनन्दलगायत भ्रष्टचारमा मुछिएका थिए । यी तथ्यबाट कांग्रेसका धेरै नेता भ्रष्टाचारीका रूपमा चित्रित भएका थिए ।

२०५८ सालको दरबार हत्याकाण्डपछि राजा वीरेन्द्रको सम्पत्ति हिनामिनामा केही मान्छेको नाम जोडिएको थियो । केही व्यक्ति रातारात अर्बपति बनेका थिए । तर, तत्कालै माओवादी विद्रोहीविरुद्ध सेना परिचालन, संकटकालको घोषणा र माओवादीलाई 'आतंककारी' घोषणा गरेपछि दरबारको सम्पत्तिको मुद्दा उठ्न सकेन ।

अहिलेसम्मका भ्रष्टाचारका घटनालाई हेर्दा शक्तिमा रहेका र शक्तिको दुरुपयोग गर्ने कोही पनि भ्रष्टाचारबाट मुक्त छैनन् । बहुदल स्थापनापछिका सरकारमा पुगेका कुनै पनि दल, सुरक्षा निकाय, कर्मचारीतन्त्र भ्रष्टाचारबाट मुक्त रहेनन् ।

२०६२/६३ सालको दोस्रो जनआन्दोलन सकिनेबित्तिकै 'सुडान घोटाला' को काण्ड सार्वजनिक भयो । पश्चिम सुडानको डार्फरमा शान्ति स्थापनाका लागि प्रहरी टोली पठाउँदा आवश्यक सामग्री खरिदमा अनियमितता भएको थियो । उक्त घोटालामा सर्वोच्च अदालतबाट दोषी ठहर भएका पूर्वआईजीपी ओमविक्रम राणा, हेमबहादुर गुरुङ, पूर्वएआईजीपी दीपकसिंह थाङ्देन र पूर्वडीआईजी दीपक श्रेष्ठले जेल सजाय भोगेका थिए । तर, त्यस घटनामा तत्कालीन राजनीतिक र प्रशासनिक अधिकारीले उन्मुक्ति पाएका थिए । उक्त सामग्री खरिदको समयका गृहमन्त्रीहरू कृष्णप्रसाद सिटौला, वामदेव गौतम र भीम रावल, तत्कालीन सचिवद्वय उमेशप्रसाद मैनाली र गोविन्द कुसुम शंकाको घेरामा देखिए पनि अनुसन्धानमै तानिएनन् । त्यसबेलाका कैयौं भ्रष्टाचारका घटना त बाहिर नै आएनन् ।

२०६३ सालपछिका प्रकरण

राजतन्त्रको अन्त्यसँगै देशमा सुशासन कायम हुन्छ भन्ने परेको थियो । १० वर्ष युद्ध लडेको शक्ति २०६४ सालको संविधानसभा निर्वाचनबाट सबैभन्दा ठूलो दल बनेर आयो । विगतका हत्याकाण्ड, घटना र भ्रष्टाचारको छानबिन गर्न कृष्णजंग रायमाझीको नेतृत्वमा आयोग बनेको थियो । उक्त रायमाझी आयोगको प्रतिवेदन दराजमा थन्किएको छ । पुष्पकमल दाहालको सरकार विघटन भएपछि बनेका सबै सरकारका पालामा भ्रष्टाचार हुँदै गए । सांसद किनबेचसम्म हुन पुगेको थियो ।

२०७० सालसम्म त्यति ठूला भ्रष्टाचारका मुद्दा आएनन् । हुन त दाहाल र उनको पार्टीका केही नेताविरुद्ध जनमुक्ति सेनाको शिविरका लागि पठाइएको रकम हिनामिना गरेको आरोप स्वयं सेनाका कमान्डरहरूले लगाएका थिए । बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा ललिता निवासको जग्गा विवादमा परेका थिए । भट्टराईको कवचमा हिसिला यमीले भ्रष्टाचार गरिन् भन्ने समाचार छापिएका थिए ।

कर्णालीमा कर्मचारी अभाव



काँक्रेविहार संवाददाता
सुर्खेत, ४ चैत

कर्णाली प्रदेश सरकारले स्थानीय तहमा कार्यरत कर्मचारीहरूको विस्तृत विवरण माग गरेको छ। पालिकाहरूमा देखिएको कर्मचारी अभाव पूर्ति गर्नका लागि यो प्रक्रिया अघि बढाइएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ।

स्थानीय सेवा कर्मचारी प्रशासन शाखाका शाखा अधिकृत दीपेन्द्रकुमार सिंहका अनुसार गत फागुन २७ गते ७९ वटै पालिकालाई परिपत्र गर्दै चैत ८ गतेभित्र आवश्यक विवरण पठाउन अनुरोध गरिएको छ।

तर अहिलेसम्म केही पालिकाबाट मात्र विवरण प्राप्त भएको उनले बताए। उनका अनुसार अधिकांश कर्मचारी सुगम क्षेत्रमा केन्द्रित हुँदा कर्णाली प्रदेशका दुर्गम स्थानीय तहहरूमा कर्मचारी अभाव बढेको छ, जसले सेवा प्रवाह र कार्यसम्पादनमा प्रत्यक्ष असर पारेको छ।

प्रदेशले स्वीकृत गरेको सङ्गठन तथा व्यवस्थापन (ओएनएम) अनुसार दरबन्दी कायम भए पनि सोअनुसार कर्मचारी समायोजन हुन नसक्दा समस्या झन् जटिल बनेको छ।

प्रदेश लोक सेवा आयोगका अनुसार कर्णालीमा करिब २८ प्रतिशत कर्मचारी अभाव रहेको छ। आयोगले विभिन्न तहका पदका लागि माग आकृति फाराम पठाउन आग्रह गरे पनि मुख्यमन्त्री कार्यालयले हालसम्म कुनै पनि माग फाराम नपठाएको जनाइएको छ।

यसले गर्दा चालु आर्थिक वर्षमा आयोगले कुनै पनि पदका लागि विज्ञापनसमेत गर्न सकेको छैन। यता प्रदेश सरकारले भने नयाँ ओएनएम स्वीकृत नहुँदासम्म नयाँ भर्ना प्रक्रिया अघि नबढाउने नीति लिएको छ। २०८१ चैत १९ गतेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको हो।

कार्यालयका सचिव लक्ष्मीकुमार विकका अनुसार नयाँ संरचना तयार गर्न स्थानीय तहबाटै विवरण आवश्यक भएकाले अहिले विवरण संकलनलाई प्राथमिकता दिइएको छ।

हाल कर्णाली प्रदेशमा करिब २ हजार ९ सय जनाको दरबन्दी कायम गरिएको छ। स्थानीय तहबाट समयमै विवरण नआउँदा कर्मचारी व्यवस्थापन र सेवा प्रवाह सुधारमा ढिलाइ भइरहेको प्रदेश सरकारले जनाएको छ।

ग्यास अभावको प्रभाव, तारे होटल व्यवसायमा चुनौती

काँक्रेविहार संवाददाता
कोहलपुर, ४ चैत

पछिल्लो समय मध्यपूर्व र पश्चिम एसियामा जारी युद्धको प्रभाव नेपालसम्म देखिन थालेको छ। पेट्रोलियम पदार्थको आपूर्ति प्रभावित हुँदा खाना पकाउने एलपी ग्यासको अभाव देखिएको छ।

जसले दैनिक जनजीवनसँगै होटल तथा रेष्टुरेन्ट व्यवसायमा प्रत्यक्ष असर पारेको छ। ग्यास आपूर्ति घटेपछि नेपाल आयल निगमले देशभरका मुख्य सहरहरूमा आधा मात्रै ग्यास बिक्री गर्न निर्देशन दिएको छ।



यसका कारण विशेषगरी लुम्बिनी र सुदूरपश्चिम प्रदेशका सहरहरूमा सञ्चालित होटलहरू प्रभावित भएका छन्। ग्यास अभावका कारण होटल व्यवसायीहरू वैकल्पिक उपाय खोज्न बाध्य भएका छन् भने कतिपयले ग्यास खपत घटाएका छन्।

नेपालगन्जस्थित होटल सिद्धार्थकी फाइनान्सियल इक्ज्युकेटिभ गंगा न्यौपानेका अनुसार पछिल्लो एक सातादेखि मागको करिब ५० प्रतिशत मात्रै ग्यास आपूर्ति भइरहेको छ।

अर्डर गरेको ग्यास चार दिनपछि मात्र आउने र त्यो पनि आधा मात्र आउने हुँदा व्यवसायमा ठूलो असर परेको उनले बताइन्।

यस्तै, कोहलपुरस्थित होटल सेन्टर प्लाजाका मार्केटिङ म्यानेजर सरोज थपलियाले पनि ग्यास अभावका कारण दैनिक खरिद ४० प्रतिशतभन्दा कम गर्नुपरेको जानकारी दिए।

बुटवलस्थित पौवा होटलका जनरल म्यानेजर प्रकाश पाठकले भने हालसम्म आफ्नो होटलमा ग्यास अभाव नदेखिएको बताएका छन्।

होटल व्यवसायीहरूका अनुसार यदि यो समस्या लामो समयसम्म कायम रहे व्यवसाय सञ्चालनमै कठिनाइ आउन सक्ने उनले बताए।

सोल्टी होटलका उपाध्यक्ष सुदर्शन चापागाईं र बाराही हस्पिटालिटीका कार्यकारी निर्देशक विप्लब पौडेलले ग्यास अभाव दीर्घकालीन भए उद्योगमा गम्भीर असर पर्ने चेतावनी दिएका छन्।

यसैबीच, लुम्बिनी प्रदेशमा ग्यास वितरणलाई व्यवस्थित बनाउन नेपाल आयल निगमको प्रादेशिक कार्यालय भलवारीले कडा निगरानी सुरु गरेको छ।

प्रादेशिक प्रमुख शैलेन्द्र भुषालका अनुसार सबै ग्यास डिलरलाई दैनिक रूपमा खरिद र बिक्रीको विवरण जिल्ला प्रशासन र निगम कार्यालयमा बुझाउन निर्देशन दिइएको छ।

भलवारी कार्यालयमार्फत पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तु लगायतका जिल्लामा ग्यास आपूर्ति हुँदै आएको छ।

तथ्यांकअनुसार फागुन महिनामा ग्यास आयात बढे पनि वितरणमा समस्या देखिँदा उपभोक्ता र व्यवसायी दुवै मारमा परेका छन्।

प्रदेश सरकारको मन्त्रिपरिषद् बैठक, पदस्थापन र जिम्मेवारी हेरफेर

काँक्रेविहार संवाददाता
बुटवल, ४ चैत



लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले विभिन्न निर्णय गर्दै कर्मचारी पदस्थापन र जिम्मेवारी हेरफेर गरेको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा राप्ती उपत्यका देउखुरी)स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको बैठकले बढुवा भएका कर्मचारीको पदस्थापन र प्रदेश सचिवको जिम्मेवारी परिवर्तन गर्ने निर्णय गरेको हो।

बैठकले प्रदेश आयोजना बैंक (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ पनि स्वीकृत गरेको स्वास्थ्य मन्त्री खेमबहादुर सारुले जानकारी दिए।

उक्त निर्देशिकाले प्रदेशका प्राथमिकता प्राप्त आयोजना छनोट, व्यवस्थापन र कार्यान्वयनलाई व्यवस्थित बनाउने उद्देश्य राखेको छ।

बैठकले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको थप जिम्मेवारी विनोद लामिछानेलाई, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सचिवको जिम्मेवारी नारद गौतमलाई, र सामाजिक विकास मन्त्रालयको सचिवको जिम्मेवारी दिवाकर भण्डारीलाई दिने निर्णय गरेको छ।

स्वास्थ्य क्षेत्रमा रोशन लाल चौधरीलाई राप्ती उपत्यका (देउखुरी) स्वास्थ्य निर्देशनालयमा प्रमुख जनस्वास्थ्य प्रशासक, डा. राजेन्द्र कुमार गिरीलाई प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र रुपन्देहीमा प्रमुख जनस्वास्थ्य प्रशासकका रूपमा पदस्थापन गरिएको छ।

डा. मोहम्मद नुरुल होदा राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा, डा. पदमराज अधिकारी गुल्मी जिल्ला अस्पतालमा, र डा. शकुन्तला कुमारी रामपुर अस्पतालमा प्रमुख कन्सल्टेन्ट मेडिकल जनरलिस्टको रूपमा जिम्मेवारी पाएका छन।

बुटवल प्रादेशिक अस्पतालमा डा. अनूप थापा प्रमुख कन्सल्टेन्ट अब्स्टेट्रिक्स एण्ड गायनोकोलोजिस्ट, डा. भुवन पौडेल प्रमुख कन्सल्टेन्ट सर्जन, र डा. सुरेन्द्र कुँवर प्रमुख कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्टका रूपमा पदस्थापन भएका छन्।

लुम्बिनी प्रादेशिक अस्पतालमा डा. पुष्पराज जोशी प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन, डा. कृष्ण हरि सुवेदी प्रमुख कन्सल्टेन्ट पेडियाट्रिसियन, डा. प्रभात पोखेल प्रमुख कन्सल्टेन्ट डर्माटोलिष्ट, र डा. गोपाल प्रसाद ज्ञवाली प्रमुख कन्सल्टेन्ट अर्थोपेडिक सर्जनका रूपमा जिम्मेवारी पाएका छन्।

यस्तै, प्रदेश इन्जिनियरिङ सेवातर्फ अनिल मरासिनीलाई यातायात पूर्वाधार निर्देशनालयमा सुपरिटेन्डेन्ट इन्जिनियर र प्रदेश वन सेवातर्फ ईश्वरी प्रसाद पौडेललाई वन महानिर्देशकको जिम्मेवारी दिइएको छ।

हुम्लामा खानेपानिको संकट

काँक्रेविहार संवाददाता
हुम्ला, ४ चैत

हिमाली जिल्ला हुम्लाको सदरमुकाम सिमकोट बजारमा खानेपानीको अभाव गम्भीर बन्दै गएको छ। घरघरमा जडान गरिएका धारामा पानी आउन छाडेपछि स्थानीयवासीलाई दैनिक पानी व्यवस्थापन गर्न निकै सास्ती खेप्नुपरेको छ।

धारामा पानी नआउँदा उपभोक्ताहरू पानी आउने सीमित स्थानमा पुगेर घण्टौंसम्म लाइन बस्न बाध्य छन्। स्थानीय ज्ञानु रोकायाका अनुसार पानीको अभावका कारण दैनिक जीवन नै प्रभावित भएको छ।

"एक ग्यालिन पानी भर्न पनि लामो समय कुर्नुपर्छ, उनले बताए। अर्की स्थानीय सुरिकला रावतले दिनमा एकदेखि डेढ घण्टामात्र पानी आउने भएकाले धेरैजसो उपभोक्ता खाली हात फर्किनुपर्ने अवस्था रहेको जानकारी दिए।



उनका अनुसार पानीको अभावले सरसफाइजस्ता आधारभूत आवश्यकता समेत पूरा गर्न कठिन भएको छ। अहिले पानी आउने धारामा रातभर भाँडा राखेर पालो कुर्ने चलन बढ्दै गएको छ। सिमकोट खानेपानी उपभोक्ता समितिका प्राविधिक रुपेन्द्र रोकायाका अनुसार लामो समयदेखि वर्षा र हिमपात नहुँदा पानीका मुहान सुक्दै गएका छन्।

बजारका लागि निर्माण गरिएका चारवटा ट्याङ्कीसमेत भरिन छाडेका छन्। मुहानबाट आउने पानी उपभोक्ताको मागको आधाभन्दा कम भएकाले समस्या गम्भीर बनेको हो, उनले भने।

यसका साथै, सिमकोटका लागि निर्माण गरिएको वृहत् खानेपानी योजना अलपत्र अवस्थामा रहेकाले समस्या झन् जटिल बनेको स्थानीयवासीको गुनासो छ।

पानीको अभाव चर्किएपछि मङ्गलबार स्थानीय उपभोक्ताहरू खाली भाँडा लिएर जिल्ला प्रशासन कार्यालयमा धर्नामा बसेका थिए, जसले समस्याको गम्भीरता थप उजागर गरेको छ।

रास्वपा...

नियालिरहेको छ।

सञ्चारकर्मीलाई पनि आग्रह चर्चित अनुहार मात्रै होइन, पार्टीभित्रका विज्ञ र सक्षम अनुहार हरूलाई पनि देखाइदिनुहोस् । नागरिकले सम्पूर्ण चित्र देख्नुपर्छ।

सांसदहरुले चुनावमा जति मेहनत गर्नुभयो, अब त्यसभन्दा बढी अध्ययन र सोचको मेहनत चाहिन्छ । हामीले दुर्लभ अवसर पाएका छौं–आफ्नै हातले देशको इतिहास लेख्ने अवसर । जनताले भनिसके–"लौ, हाम्रो भविष्य लेख ।" यसलाई उत्सव होइन, जिम्मेवारीको रूपमा लिनुपर्छ । अर्को चुनाव जित्न होइन, अर्को पुस्ता नहारोस् भनेर काम गर्नुपर्छ।

मेरो लागि विकासको मुख्य सूचक भौतिक पूर्वाधार मात्र होइन–सामाजिक न्याय हो । जहाँ विभेद छ, त्यहाँ विकास अधुरो छ । त्यसैले सामाजिक न्यायका लागि लड्नुपर्छ । समावेशितामा अझै कमी छ–विशेष गरी केही समुदायको प्रतिनिधित्व नहुनु दुःखद छ । आगामी दिनमा यसलाई प्राथमिकतामा राखिन्छ।

विकास भनेको आफ्नो क्षेत्रमा मात्र बजेट ल्याउनु होइन। कर्णाली, मधेस, सुदूरपश्चिम पछाडि परे भने त्यो विकास होइन । सिङ्गो देश विकास हुनुपर्छ । हामी एउटा चुनावका लागि होइन, पुस्तौंका लागि लडेका हौं । अर्को चुनाव जित्नु-हार्नु भन्दा ठूलो कुरा–अर्को पुस्ता हार्नु हुँदैन।

म लोकतान्त्रिक पद्धति, वर्तमान संविधान र व्यवस्थाप्रति प्रतिबद्ध छु । इतिहासमा पुराना नेताहरूको योगदानलाई सम्मान गर्छु । विजयको उन्मादमा विपक्षीप्रति कटाक्ष नगर्नुहोस् । त्यस्तो व्यवहार कदापि स्वीकार्य छैन । विजेता हुनुको अर्थ जिम्मेवार हुनु हो, विजेता हुनुको अर्थ छाडा हुनु होइन । विजेता हुनुको अर्थ विपक्षीहरूलाई कटाक्ष गर्ने अधिकार प्राप्त गर्नु होइन, त्यो लोकतन्त्रको चरित्र होइन, त्यसकारणले हामीलाई माथि धेरै आरोप लागेको छ, आज तपाईंहरू सबैलाई साक्षी राखेर म यो आरोपलाई खण्डन गर्ने जिम्मेवारी तपाईंहरूको काँधमा पनि बाँड्न चाहन्छु, कि रास्वपालाई प्रायः अराजक छन्, रास्वपा समर्थकहरू अत्यन्त धेरै असहिसणु छन्, सामाजिक सञ्जालमा गाली-गलौजमा उत्रन्छन्, व्यक्तिगत गाली-गलौजमा उत्रन्छन्, छुनै हुँदैन, बोल्नै हुँदैन, गाली गरिहाल्छन्, त्यस किसिमको एउटा छवि बनेको छ। म सम्पूर्ण समर्थक साथीहरूलाई बताउन चाहन्छु, अब त्यसबाट बाहिर निस्कनुपर्छ। रास्वपाले प्रशिक्षण गर्न पाएको छैन, ३ वर्षमा आक्रमण नै आक्रमण झेल्दै आएको रास्वपाले आफ्ना सदस्य साथीहरूलाई राम्रोसँग प्रशिक्षित गर्न पाएको छैन। तर यही समाजका पात्रहरू भएको हुनाले तपाईंले समाजका विभिन्न तह र तप्कामा लिनुभएको प्रशिक्षणले तपाईंको व्यक्तिगत आचरणलाई देखाउँछ, त्यसकारणले सम्पूर्ण रास्वपा समर्थक साथीहरूलाई म जिम्मेवार भएर अभिव्यक्त हुन, सामाजिक सञ्जाल, सामाजिक प्लेटफर्महरूमा, सार्वजनिक प्लेटफर्महरूमा अत्यन्त जिम्मेवार भएर प्रस्तुत हुनको लागि अनुरोध गर्न चाहन्छु।

यो रास्वपाले जितेको होइन, यो देशले जितेको हो, हामीले प्रमाणित गर्नुपर्नेछ। रास्वपाको माध्यमबाट देशले जितोस् भनेर आम नागरिकले हामीलाई भोट दिएका हुन्। त्यसकारणले यो जीत केवल रास्वपा समर्थक, रास्वपा भोटरको मात्र होइन, यो जीत सम्पूर्ण देशको हुनुपर्नेछ, त्यसका लागि तपाईं हामीले काम गर्नुपर्नेछ। अबको ५ वर्ष सहज हुनेवाला छैन, हिजोका सांसदहरूको जस्तै गतिविधि, या हिजोका मन्त्रीहरूको जस्तै गतिविधि र तिनै निरन्तर त्यही चिजको निरन्तरता यो हो भन्ने जोकोहीलाई परेको छ भने कृपया त्यो होइन । अति संवेदनशील समयमा, अत्यन्त धेरै मेहेनत गर्नुपर्ने समयमा हामी उभिएको हुनाले फेरि पनि तपाईंहरूलाई मेहेनतका साथ अगाडि बढ्नको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु।

अन्त्यमा, यो निर्वाचन जित्नका लागि पार्टीका विभिन्न तह र तप्कामा रहेर काम गर्नुहुने सम्पूर्ण साथीहरूलाई म धन्यवाद दिन चाहन्छु । समानुपातिक साथीहरूलाई कतिपय मानिसहरूले तिमीहरू त समानुपातिक हौ, प्रत्यक्ष होइनौं भनेर अलिकति फरक ढंगले हेर्न खोजेको देखिन्छ, म त्यसलाई विभेद भन्छु, म त्यसमा विभेद पार्टीभित्र नहोस् भन्ने चाहना राख्न चाहन्छु । चाहे प्रत्यक्षमा रहेका हुन्, चाहे समानुपातिकमा रहेका हुन्, सबैले आ-आफ्नो भूमिका र जिम्मेवारी निर्वाह गरेका छन् । कतिले चुनाव जित्नका लागि भूमिका निर्वाह गरे भने, अब संसदमा गएर ती साथीहरूले आफूलाई अझ बढी अब्बल प्रमाणित गर्नुहुनेछ।

रास्वपा सभापति रवि लामिछानेले पार्टीका सांसदहरुसँगको अभिमुखीकरण कार्यक्रममा गरेको सम्बोधनको सम्पादित सार

त्रिपुरासुन्दरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
त्रिपुराकोट बगर, डोल्पा

बेरोजगार व्यक्तिको सूचीमा सुचीकृत हुने सम्बन्धी सूचना।

सूचना प्रकाशित मिति २०८२/११/२७

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ को उपदफा १ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८२ को दफा १७ र मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ को अनुसुची ३ (६) बमोजिम न्यूनतम रोजगारी प्राप्त गर्नका लागि आगामी आ.व. ०८३/०८४ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्वारा सञ्चालन हुने बेरोजगारी सहायता तथा अन्य रोजगारमूलक, सिपमुलक उद्यमशिलता विकासका कार्यक्रमहरूमा सहभागी हुनका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन र चालु आ.व.मा सूचिकृत भएका व्यक्तिहरूले आगामी आ.व.को लागि नविकरण हुन ईच्छुक भएका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरूले आफ्नो वडा कार्यालयमा गई आवश्यक कागजातहरू (नेपाली नागरिकताको प्रतिलिपी र एक प्रति पासपोर्ट साईजको फोटो) सहित मिति २०८२ चैत्र मसान्तसम्म तोकिएको ढाँचामा निवेदन दिन हुन यसै सूचना मार्फत सम्बन्धित नगरपालिकाका बेरोजगार व्यक्तिहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीका लागि

रोजगार सेवा केन्द्रको ९८४८२८९०८८ मा सम्पर्क गर्न हुन।

काँक्रेविहार राष्ट्रिय दैनिक
बिहीवार, ५ चैत, २०८२
Thursday, 19 Mar. 2026

विविध

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

जिम्मेवार न्याय सम्पादन र निर्देशन

काँक्रेविहार संवाददाता
बाँके, ४ चैत

सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंहले परिवर्तित परिस्थितिमा छिटोछरितो र प्रभावकारी न्याय सम्पादन गर्न मातहतका न्यायाधीशहरूलाई निर्देशन दिएका छन् ।

नेपालगन्जमा बुधबार उच्च अदालत, नेपालगन्ज इजलास र बाँके जिल्ला अदालतको स्थलगत निरीक्षणपछि कानुन व्यवसायीहरूसँग भएको छलफलमा प्रधानन्यायाधीश सिंहले सुशासनको प्रत्याभूति दिलाउन न्याय क्षेत्र अझ जिम्मेवार र सक्रिय हुनुपर्नेमा जोड दिए ।

प्रधानन्यायाधीश सिंहले उल्लेख गरे भदौ २३ र २४ को आन्दोलनपछि अदालतमा भएको आगजनीका कारण मिसिल जलेर न्याय सम्पादनमा ढिलाइ भइरहेको छ । त्यसैले सरकारी वकिल



कार्यालयसँग समन्वय गरी मिसिल तुरुन्त तयार पार्न आवश्यक छ । उनले महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालतको प्रशासनिक नेतृत्वसँग टेलिफोन संवाद गरी समन्वय सुनिश्चित गर्न पनि अनुरोध गरे ।

जलेका मिसिल पुनः तयार पार्न माथिल्लो तहमा समन्वय भइरहेको बताउँदै, उनले तल्लो तहमा पनि सरकारी वकिल कार्यालय र अदालतबीच सहकार्य बढाउन निर्देशन दिए । अदालतले जनशक्ति उपलब्ध गराउने र सरकारी वकिल कार्यालयले मिसिल तयार पार्ने कार्यमा तदारुकता देखाउनुपर्ने उनको भनाइ थियो । कानुन व्यवसायी वसन्त गौतमले मिसिल जलेको कारण न्याय सम्पादनमा समस्या आएको र न्यायपालिकाभित्रका विकृति-विसङ्गति अन्त्य गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराए ।

छलफलमा न्याय सम्पादनमा छिटो सुधार, न्यायमा पहुँच विस्तार र न्यायपालिकाभित्रका विकृति-विसङ्गति नियन्त्रण गर्ने उपायबारे केन्द्रित छलफल भएको कानुन व्यवसायीहरूले जानकारी दिएका छन् ।

नयाँ...

सकिन्छ ।

हुलाक निर्देशनालयका अनुसार पार्सल तथा पुलिन्दा सेवा पनि थप प्रभावकारी बनेको छ । जसमा दुई केजीदेखि २० केजीसम्मका सामान पठाउन मिल्छ । यो सेवा व्यवसायिक तथा व्यक्तिगत दुवै प्रयोजनका लागि उपयोगी मानिएको हुलाक निर्देशक गोविन्द प्रसाद पाण्डेले बताए । सेवाग्राहीले पार्सलको अवस्थाबारे जानकारी पाउन सक्ने व्यवस्था समेत गरिएको उनको भनाइ छ ।

'हुलाक टिकटको नियमित बिक्रीसँगै सङ्कलनकर्ताका लागि विशेष फिलाटेलिक सेवा पनि उपलब्ध छ' उनले भने, 'द्रुत हुलाक सेवाअन्तर्गत छिटो, सुरक्षित र भरपर्दो रूपमा चिठीपत्र, कागजात तथा पार्सल पठाउन यो सेवा प्रयोग गर्नहोस् । सामान दर्ता भएको दुई दिनभित्र प्राथमिकताका साथ वितरण गरिने व्यवस्था छ ।'

हुलाक निर्देशनालय सुर्खेतले वि.सं. २०७९ असोजदेखि हवाइमार्फत द्रुत सेवा सञ्चालनमा ल्याएको जनाएको छ । यस्तै, एजेन्सी सेवाहरूमा हुलाक कार्यालयहरूले प्रत्यायोजित अधिकारअन्तर्गत विभिन्न सरकारी सेवाहरू पनि प्रदान गर्दै आएका छन् । जसमा सूचनाको हकसम्बन्धी अनुगमन, एफएम रेडियो तथा केबल नवीकरण, सञ्चारकर्मी परिचयपत्र नवीकरण, पत्रपत्रिका दर्ता तथा प्रमाणिकरण र लोककल्याणकारी विज्ञापन सम्बन्धी भुक्तानी र अनुगमन कार्य रहेका छन् ।

बलात्कार र हत्या घटनाप्रति सरकारको ध्यानाकर्षण

काँक्रेविहार संवाददाता
धनगढी, ४ चैत

सुदूरपश्चिम प्रदेश सभाअन्तर्गतको महिला समन्वय समितिले देशका विभिन्न स्थानमा पछिल्ला दिनमा भएका बलात्कार तथा हत्या घटनाप्रति सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ ।

समितिले आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीलाई बुझाएको ज्ञापनपत्रमा हिंसामुक्त समाज निर्माण सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्दै यस्ता जघन्य अपराधप्रति राज्यले कडा र प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औंल्याएको छ ।

ज्ञापनपत्रमा विशेष गरी सुर्खेतको वीरेन्द्रनगरस्थित



जनजागरण सामुदायिक वनमा १६ वर्षीया अनिशा विकमाथि भएको बलात्कारपछि हत्या अत्यन्त पीडादायक र निन्दनीय भएको उल्लेख गरिएको छ ।

साथै, कञ्चनपुरको भीमदत्त नगरपालिका-१ मा १२ वर्षीया बालिकामाथि भएको बलात्कार घटनासहित अन्य जिल्लामा भइरहेका यस्ता अपराधप्रति समितिले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

समितिले दोषीहरूलाई तत्काल कानुनी दायरामा ल्याई कडा कारबाही गर्न तथा पीडितलाई न्याय सुनिश्चित गर्न सरकारसँग माग गरेको छ ।

ज्ञापनपत्र बुझ्दै मन्त्री सार्कीले यस्ता घटनाको नियन्त्रण र दोषीमाथि कारबाहीका लागि आवश्यक पहल गरिने प्रतिबद्धता व्यक्त गरे ।

समितिका संयोजक सन्तोष शर्माको हस्ताक्षर रहेको उक्त ध्यानाकर्षण पत्रमा महिला तथा बालबालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि राज्यले प्रभावकारी नीति र कार्यान्वयनमा जोड दिनुपर्ने उल्लेख गरिएको छ ।

ज्ञापनपत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत पठाइएको छ । ज्ञापनपत्र बुझाउन संयोजक शर्माको नेतृत्वमा प्रदेश सभा सदस्यहरू लक्ष्मी विक, गीतादेवी माल, तुलसी देवकोटा, खेमादेवी विष्ट, जानकीदेवी कुँवर र मधुदेवी भारती मन्त्रालय पुगेका थिए ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री सुमित्रा चपाई धनी रहेको, दर्ता नम्बर ५९४६/०७६/०७७ बाट सिम्ता गा.पा.-८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको श्री शुभान्स कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस् ।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस् ।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस् ।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस् ।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं ।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं ।
- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस् ।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस् ।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस् ।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस् ।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं ।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं ।
- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)